नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३१६
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८
च.नं.:- १४२

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

मितिः २०७७/०८/०४

विषयः विपद् सम्बन्धी वार्षिक प्रतिवेदन सम्बन्धमा ।

श्री गाउँपालिका/नगरपालिका,
(सबै) ।

प्रस्तुत विषयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. १३२ मिति २०७७/०७/२५ को पत्रको सन्दर्भमा प्रस्तुत पत्र प्रेषित गरिएको छ । अतः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ दफा ४५ तथा सोही ऐनको नियमावली, २०७६ को नियम १६ को व्यवस्था वमोजिमको तहाँको विपद् सम्बन्धी प्रतिवेदन प्रेषित गर्ने सन्दर्भमा पत्रको व्यहोरा बमोजिम आवश्यक समन्वय तथा सहजिकरण हुन निर्देशानुसार अनुरोध छ ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखाः पत्र वेबसाइटमा अपलोड गरिदिनु हुन ।

# राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

बबरमहल, काठमाडौं
नेपाल ।


पत्र संख्या:- ०७७/०७८
च.नं.:- १३२

मिति २०७७।०७।२५

विषय : विपद् सम्बन्धी बार्षिक प्रतिवेदन तयार गरी पठाउने सम्बन्धमा ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
अध्यक्ष, जिल्ला विपद् ब्यसव्थापन समिति, सबै ७७ जिल्ला ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को दफा ४५ तथा सोही ऐनको नियमावली २०७६, को नियम १६ को ब्यवस्था बमोजिम तोकिएको अवधि भित्रै स्थानीय विपद् ब्यवस्थापन समितिहरुबाट विपद् सम्बन्धी प्रतिवेदन प्राप्त गरी प्रदेश विपद् ब्यवस्थापन समितिमा पेश भएकै होला । पेश भएको प्रतिवेदनको soft copy यथाशिघ्र यस प्राधिकरणको इमेल: ndrrma@gmail.com मा प्रेषित गरि राष्ट्रिय विपद् जोखिम तथा व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग र समन्वयको लागि निर्देशानुसार सादर अनुरोध छ ।

ती सबै प्रतिवेदनहरुका आधारबाट प्रादेशिक र राष्ट्रिय प्रतिवेदन तयार हुने तथा ती तथ्यांकहरुलाई अन्तर्राष्ट्रिय रुपमा समेत प्रस्तुत गर्नुपर्ने हुँदा एक रुपताका लागि यसै पत्रसाथ संलग्न विवरणहरु पनि समेटिने गरी आगामी प्रतिवेदनहरुमा ध्यान दिनुहुन समेत अनुरोध छ ।

*संलग्न: पाना -३*

## नियमावलीको ब्यवस्था

खण्ड ६९) संख्या ४ नेपाल राजपत्र भाग ३ मिति २०७६।१।२३

१६. **वार्षिक प्रतिवेदन** : (१) स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको बीस दिनभित्र जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा आफूले गरेको र जिल्लाभित्रका स्थानीय विपद् व्यवस्थापन समितिबाट भएका कामको एकमुष्ट वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको चालीस दिनभित्र प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) प्रदेश विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा आफूले गरेको र प्रदेशभित्रका जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिबाट भएका कामको एकमुष्ट वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्राधिकरण मार्फत परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्राधिकरणले प्रत्येक आर्थिक वर्षमा आफूले गरेका कामहरूको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र कार्यकारी समिति मार्फत परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(५) प्राधिकरणले उपनियम (३) र (४) बमोजिमका वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(विजयकुमार महर्जन)
शाखा अधिकृत

**बोधार्थ:**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।

श्री गृह मन्त्रालय, सिंहदरबार ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार:- स्थानीय तहहरुमा परिपत्र हुन सादर अनुरोध छ ।

श्री प्रदेश विपद् ब्यवस्थापन कार्यकारी समिति:- ——— विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, २०७४ तथा विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन नियमावली, २०७६ को व्यवस्था अनुसार कार्यार्थ सादर अनुरोध छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै प्रदेश ।

श्री स्थानीय विपद् ब्यवस्थापन समिति, ७५३ स्थानीय तह सबै ।